**प्रमाणीकरण मिति : २०७९/०३/२८ गते**

# तानसेन नगरपालिकाको कृषि तथा पशुपन्छीपालन बजारीकरण, यान्त्रिकरण तथा दुध उत्पादन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना :**

तानसेन नगरपालिका क्षेत्र भित्र कृषि तथा पशुजन्य बस्तुहरु उत्पादन वृद्धि गर्न त्यसको गुणस्तर कायम राख्न, प्रशोधन गर्न, बजारीकरण गर्न, व्यवसाय दिगो राख्न आवश्यक ठानी कृषकहरुको मागका आधारमा व्यवसायी कृषकहरुलाई थप प्रोत्साहन गर्न, उत्पादित बस्तुको परिणाम, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गर्दा एकातर्फ बजारमा गुणस्तरीय खाद्य बस्तु प्रवाह वढ्ने छ भने अर्कोतर्फ खाद्य बस्तु उत्पादन र व्यवसायिक रुपमा अगाडी बढाउन तथा व्यवसाय दिगो बनाउनको लागि खाद्य बस्तु विक्रि गर्ने सदस्य कृषकहरुलाई कृषि तथा दुग्ध उत्पादक सहकारी संस्था मार्फत उत्पादनको परिमाणमा आधारित अनुदान उपलब्ध गराउन र अनुदान कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा सञ्चालन गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) अनुसार तानसेन नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम : तानसेन नगरपालिकाको दुध उत्पादन र बजारीकरण, कृषि यान्त्रिकरण तथा पशुपालन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि तानसेन नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) **कार्यालय** भन्नाले तानसेन नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(२) **शाखा** भन्नाले नगरपालिकाको कृषि तथा पशुपंक्षी विकास शाखा सम्झनु पर्छ ।

(३) **कार्यविधि** भन्नाले तानसेन नगरपालिकाको दुध उत्पादन र बजारीकरण, कृषि यान्त्रिकरण तथा पशुपालन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ सम्झनु पर्छ ।

**३. उद्देश्य :** यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

(१) अनुदान वितरण नीतिलाई प्रक्रियामुखी भन्दा परिणाममुखी बनाउने ।

(२) कृषि तथा पशुजन्य उत्पादन क्षेत्रलाई प्रतिस्प्रर्धात्मक वनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो बनाउन प्रोत्साहन गर्ने ।

(३) अनुदान प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्नमा टेवा पुऱ्याउर्ने ।

(४) साना कृषकहरुबाट उत्पादित कृषि तथा पशुजन्य उत्पादनलाई संगठित बजारमा प्रवाह गर्ने ।

(५) नगरपालिकाको दुध तथा मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

(६) कृषि तथा पशुजन्य उत्पादन र वजारिकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।

(७) उपभोक्ताहरुलाई गुणस्तरीय र सुलभ मूल्यमा कृषि तथा पशुजन्य पदार्थहरु उपलव्ध गराउने ।

**४. कार्यक्रम अवधिः** नगर कार्यपालिकाबाट कार्यविधि संसोधन नहुँदा सम्म रहने छ ।

**५. कार्य सञ्चालन र प्रक्रियाः**

(१) नगर कार्यपालिकाको कार्यालयले यस अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषि तथा दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आव्हवान (अनुसुची-१ वमोजिम) को लागि सूचना जारी गर्ने छ ।

(२) यस अनुदान कार्यक्रममा सहभागी हुनको लागि वुँदा नं. ५(३) वमोजिम मापदण्ड पुरा गरेका इच्छुक सहकारी संस्थाहरुले तोकिएको म्याद भित्र अनुसूची-२ वमोजिमको निवेदन नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ ।

(३) सहकारी संस्थाहरुबाट अवलम्बन गर्नुपर्ने मापदण्ड :

(क) दुधको हकमा दैनिक कम्तिमा ५० लिटर र बार्षिक कम्तिमा २५० दिन सम्म दुधको कारोबार गर्ने गरेको ।

(ख) दुग्ध उत्पादक सहकारी संस्थाले दैनिक संकलित दुध आफैले प्रशोधन गरी वा उद्योगलाई विक्रिवितरण गरी दुध र दुध जन्य पदार्थहरु उपभोक्तालाई वेचविखनको प्रवन्ध गरेको ।

(ग) नियमित रुपमा लेखापरीक्षण गरी वार्षिक साधारणसभा गर्ने गरेको ।

(घ) स्थायी लेखा नं. प्राप्त गरेको र कर चुक्ता गरेको ।

(ङ) वडा कार्यालय तथा पशु पंक्षी समन्वय इकाईको सिफारिस संलग्न गरेको ।

(च) सहकारीमा आवद्ध सवै कृषकहरुले पशु विमा गरेको वा १ महिना भित्र गर्ने प्रतिद्धता गरेको विवरण समावेश गर्नु पर्ने छ ।

(छ) सहकारीमा आवद्ध सबै कृषकहरुको फार्ममा जैविक सुरक्षा विधि अवलम्वन गरेको हुनु पर्ने छ ।

(ज) सहकारी मार्फत कारोवार गर्ने गरेको दुधको गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनु पर्ने छ ।

(झ) सम्वन्धित सहकारीले आफूमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरणको मापदण्ड वनाई पेश गर्नुपर्ने ।

(ञ) सहकारी संस्थाहरुले संस्थागत रुपमा दुध विक्रि गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

(४) कार्यालयले वुँदा नं. ५(३) अनुसार कृषि तथा पशुपंक्षी विकास शाखामा प्राप्त भएका आवेदनहरुको अध्ययन विश्लेषण गरी न्यूनतम मापदण्ड पुरा गरेका सहकारीहरुको विवरण मूल्यांकन समितिमा पठाउनु पर्ने छ ।

(५) सहकारी संस्थाहरुले आबेदन पेश गर्नुपूर्व सम्वन्धित वडा कार्यालयको सिफारिस समाबेश गर्नु पर्नेछ ।

(६) वडा कार्यालयको सिफारिसमा कृषि तथा पशुपंक्षी विकास शाखामा सिफारिस भई आएका सहकारी संस्थाका आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| उपप्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सहकारी शाखा प्रमुख | सदस्य |
| लेखा शाखा प्रमुख | सदस्य |
| कृषि विकास शाखा | सदस्य |
| पशुपंक्षी शाखा प्रमुख | सदस्य सचिव |

(७) उपदफा ५(६) अनुसारको मूल्यांकन समितिमा पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन नगर कार्यपालिका समक्ष सिफारिस पेश गर्ने छ ।

(८) अनुदानको लागि छनौट भएका कृषि सहकारी, दुग्ध उत्पादक र बहुउद्देश्यीय तथा सम्वन्धित सहकारी संस्थाले अनुसूची-३ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(९) सम्झौता पछि छनौट भएका कृषि तथा दुग्ध उत्पादक सहकारीहरुलाई विनियोजित बजेटको परिधि भित्र रही नियमानुसारको अनुदान रकम उपलब्ध गराइने छ । साथै अन्य व्यवसायिक कृषकहरुलाई समेत सहकारी संस्थाहरु मार्फत अनुदान उपलब्ध गराइने छ ।

**६. कृषि तथा पशुजन्य उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम कार्यान्वयनको लागि उपलब्ध गराइने अनुदानको बिवरण र प्रदान गरिने आधार :**

(१) सहकारी मार्फत किसानलाई प्रति लिटर दुधमा अनुदान रु.२।००

(२) पाडापालनका लागि प्रति पाडा बापत रु.१००००।-

(३) बंगुर पालनका लागि प्रति बंगुर रु.४०००।-

(४) बाख्रापालनको लागि प्रति बाख्रा रु.५०००।-

(५) स्थानीय जातको कुखुरा पालनका लागि प्रति चल्ला रु.५०।-

(क) अनुदान प्रदान गर्ने आधारहरु :

- नगरपालिकाको नीति अनुसार नगरलाई मासुमा आत्मनिर्भर बनाउने उद्देश्यले बृहत व्यवसायिक रुपमा एकल वा समूह बनाई कम्तिमा १०० बाख्रा, २५ पाडा, ५० बंगुर पालक कृषकलाई यसै अनुदान कार्यविधिको बुँदा नं. ६ बमोजिम साझेदारी गर्ने ।
- मध्यमस्तरीय किसानलाई कम्तिमा २५ माउ बाख्रा, १५ गोटा पाडा र बंगुरमा कम्तीमा ५ माउ पालेमा सोही अनुसार सहयोग गर्ने ।
- सामुहिक रुपमा स्थानीय जातको कुखुरा पालन गर्ने कृषक, समूह वा सहकारीबाट कम्तीमा १००० गोटा पालेमा सोही अनुसार सहयोग गर्ने ।

**७. कृषि तथा पशुपंक्षी विकासको क्षेत्रमा यान्त्रिकरण, आधुनिकीकरण तथा व्यवसायिकरणको लागि ५०% लागत सहभागितामा अनुदान सहयोग उपलब्ध गराइने छ।**

**(१) हातेटेक्टर मिनीटिलर**

(क) निवेदन

(ख) कम्तीमा १० रोपनी जग्गामा खेती गरिएको हुनुपर्ने।

(ग) समूह/सहकारीको निर्णय, कृषि फर्मको दर्ता प्रमाणपत्र र प्यान नं. को प्रतिलिपी हुनुपर्ने।

(घ) वडा कार्यालयको सिफारिस पत्र।

**(२) कम्बाईन मिल/ग्रान्डर मेशिन**

(क) निवेदन

(ख) कम्तीमा २० घरपरिवारलाई सेवा प्रदान गर्न सक्ने।

(ग) समूह/सहकारीको निर्णय, कृषि फर्मको दर्ता प्रमाणपत्र र प्यान नं. को प्रतिलिपी।

(घ) वडा कार्यालयको सिफारिस पत्र।

(ङ) गाई र भैसीको हकमा कम्तीमा ५ माउ पालेको, बाख्रा कम्तीमा २५ माउ, कुखुरा कम्तीमा ५०० गोटा पालेको हुनुपर्ने।

(च) अन्य कृषकको हकमा कम्तीमा २० रोपनी जग्गामा खेती गरि अन्नबाली उत्पादन गर्ने।

**(३) च्यापकटर/घाँस काटने मेशिन**

(क) निवेदन

(ख. कम्तीमा ५ देखि १० रोपनी जग्गामा घाँस खेती गरि पशुपालन गरेको।

(ग) समूह/सहकारीको निर्णय, कृषि फर्मको दर्ता प्रमाणपत्र र प्यान नं. को प्रतिलिपी हुनुपर्ने।

(घ) वडा कार्यालयको सिफारिस पत्र।

(ङ) गाईभैसीको हकमा कम्तीमा ५ माउ पालेको, बाख्रा कम्तीमा २५ माउ पालेको हुनुपर्ने।

**(४) मौरी घार/पञ्जा टोपी सेट**

(क) निवेदन

(ख) कम्तीमा ५ घार मौरी पालन गरिएको हुनुपर्ने।

(ग) समूह/सहकारीको निर्णय, कृषि फर्मको दर्ता प्रमाणपत्र र प्यान नं. को प्रतिलिपी हुनुपर्ने।

(घ) वडा कार्यालयको सिफारिस पत्र।

**(५) प्लाष्टिक पोखरी र टेनल निशुल्क**

(क) निवेदन

(ख) कम्तीमा ५-१० रोपनी जग्गामा खेती गरिएको र सिंचाई अभाव भएको क्षेत्र।

(ग) पोखरीको लागि खाडल खनेको हुनुपर्ने।

(घ) समूह/सहकारीको निर्णय, कृषि फर्मको दर्ता प्रमाणपत्र र प्यान नं. को प्रतिलिपी हुनुपर्ने।

(ङ) वडा कार्यालयको सिफारिस पत्र।

**(६) सिकेचर र करौती**

(क) निवेदन

(ख) कम्तीमा २० फलफूलको बोट लगाएको हुनुपर्ने ।

(ग) समूह/सहकारीको निर्णय, कृषि फर्मको दर्ता प्रमाणपत्र र प्यान नं. को प्रतिलिपी हुनुपर्ने ।

(घ) वडा कार्यालयको सिफारिस पत्र ।

**(७) पशुपन्छीहरुमा लाग्ने रोग बिरुद्धको खोप (पि.पि.आर,रानीखेत,स्वाइन फिबर,रेविज,खोरेत,एच.एस.बि.क्यू आदी)**

पशुपन्छीमा खोप लगाउन घर गोठमा नै गई खोप सेवा प्रदान गर्नुपर्ने, मानिसमा समेत जोखिम बढी हुने भएकाले भ्याक्सिनेटर भर्ना गर्न तथा कार्यक्रम सञ्चालन गर्दा न्यून ज्याला भएकाले पारिश्रमिक रकम ठूला पशुहरु (गाई, भैसी रागो, साढे) आदिको लागि प्रति जनावर रु.१५।- सबै भ्याक्सिन भेडा, बाखा र बंगुरमा प्रति गोटा रु.१०।- का दरले र कुखुरामा प्रति कुखुरा रु.२।- का दरले पारिश्रमिक, इन्धन, खाजा खर्च तथा भ्याक्सिनेटरहरुको विमाको व्यवस्था गरिने छ । ग्रामीण तथा पशु स्वास्थ्य प्राविधिक नभएका वडाहरुमा निःशुल्क पशु स्वास्थ्य तथा परजिवी नियन्त्रण शिविर सञ्चालन गरिने छ ।

**(८)** कृषि तर्फ फलफूल तथा जडीबुटीका बिरुवाहरु सरकारी दररेट अनुसार निःशुल्क वितरण गर्ने व्यवस्था गरिने छ । तानसेन नगरपालिकामा सबैखाले फलफूल तथा अन्य विरुवाको उपलब्धता नहुने भएकाले सोको उचित व्यवस्था गरिने छ । साथै आकस्मिक वाली संरक्षण तथा प्रर्दशनी कार्यक्रम निःशुल्क गरिने छ ।

## ८. अनुगमन, मूल्यांङ्कन तथा प्रतिबेदन सम्वन्धी व्यवस्था

यस कार्यक्रमको अनुगमन तानसेन नगरपालिकाको कृषि तथा पशुपंक्षी विकास शाखाबाट गरी सोको प्रतिबेदन नगरपालिकामा पेश गर्नु पर्ने छ ।

## ९. थपघट वा हेरफेर गर्न सक्ने

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

(३) यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन नगर कार्यपालिकाले गर्न सक्नेछ ।

**अनुसूची -१**

## दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा कृषकहरुलाई अनुदान वितरण गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आह्वान गरिएको सूचना

नगरपालिकाको आ.व................ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार दुध उत्पादन र बजारिकरणका आधारमा अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफू मातहतका दुग्ध उत्पादक सदस्य कृषकहरुलाइ संलग्न गराउन इच्छुक दुग्ध उत्पादक सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यस नगर कार्यपालिकाको कार्यालयमा अनुसुची-२ अनुसारको निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि तानसेन नगरपालिकाको कृषि तथा पशुपंक्षी विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

**अनुसूची- २**

## दुग्ध उत्पादक सहकारी संस्थाले नगर कार्यपालिकाको कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
तानसेन नगरपालिका
तानसेन, पाल्पा ।

**विषय : दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा मिति....................मा प्रकाशित सूचना अनुसार यस सहकारी संस्थाले उत्पादन बजारीकरणका आधारमा अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकाले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

**तपशिल**

(१) कूल सदस्य संख्या .................
(२) संस्थाबाट संकलित दूध बिक्रि गरिने संस्थाको नाम र ठेगाना
(३) मिल्क एनालाईजरको प्रयोग भए नभएको
(४) गत वर्षको वार्षिक साधारणसभाको प्रतिलिपी
(५) जम्मा संकलन केन्द्र संख्या
(६) रेकर्ड राख्ने गरे/नगरेको
(७) दुधको गुणस्तर परीक्षण गरी रेकर्ड राख्ने र जानकारी दिने गरेको/नगरेको
(८) दुधको चिलिङ्ग सेन्टर भएको/नभएको
(९) दुध विविधीकरण र विक्रि वितरण गरेको/नगरेको
    (क) गरेको भएमा के-के मा गरेको......................
    (ख) अन्य केही भएमा .....................................
(१०) सहकारी दर्ताको प्रमाण पत्रको प्रतिलिपी
(११) कुनै प्रकारको कार्वाहीमा नपरेको वारेमा स्वःघोषणा
(१२) कर चुक्ता प्रमाण पत्र

## तानसेन नगरपालिका र सहकारी संस्था वीच हुने सम्झौता फारमको ढाँचा

तानसेन नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा (यसपछि प्रथम पक्ष भनिने) र श्री ................दुग्ध उत्पादक सहकारी संस्था लि.(यस पछि दोस्रो पक्ष भनिने) बिच दुध उत्पादन र बजारिकरणका आधारमा अनुदान कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्वीपक्षीय सम्झौता गरिएको छ ।

**तपसिल :**

१. पहिलो पक्षबाट उपलब्ध गराइने अनुदान रकम दोस्रो पक्षले आफ्नो सहकारी संस्थाको खातामा प्राप्त गरी सम्बन्धित कृषकहरुलाई यसै कार्यविधि बमोजिम रकम बितरण गर्ने व्यवस्था गर्नु पर्नेछ । यसरी दोस्रो पक्षले पहिलो पक्ष पक्षबाट प्राप्त अनुदान रकम वितरण गर्दा अनुदान प्राप्त गर्ने आफ्ना सेयर सदस्यलाई भेला गरी बितरण गर्नु दिनु पर्नेछ ।

२. दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमति रुपमा पशु खोप लगाउने, परजीवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधी उपचार गरिरहेको अबस्थाको अखाद्य दुध विक्री वितरणमा रोक लगाउने, फर्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दुधको उत्पादन, ढुवानी लगायतका कार्यहरु गराउनु पर्नेछ ।

३. दोश्रो पक्षले उत्पादन स्थलदेखि आफूले विक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तरयुक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

४. पहिलो पक्षले आर्थिक जिम्मेवारी दिएमा दोश्रो पक्षले आफूमा आवद्ध भएका कृषकहरुलाई अनुदान वितरण गरी नगरपालिकालाई भरपाई उपलब्ध गराउनु पर्नेछ ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भङ्ग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| **दोश्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखत : | दस्तखत |
| नाम : | नामः |
| पदः ब्यस्थापक | पदः प्रमुख प्रशासकीय अधिकृत |
| संस्था : | कार्यालय : तानसेन नगरपालिका |
| रोहवर : | रोहवर : |
| दस्तखतः | दस्तखत : |
| नामः | नाम : . |
| पदः | पदः |
| संस्था | कार्यालय : तानसेन नगरपालिका |

इति सम्बत ........ साल.... महिना ......गते रोज........ शुभम् ।

**नोट : अन्य अनुदानको लागि यस पूर्व तयार गरी स्वीकृत गरिएका अनुसूचीहरु यसै कार्यविधि बमोजिम हुनेछ ।**

# अनुदान कार्यक्रम माग गर्ने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
तानसेन नगरपालिका
तानसेन, पाल्या ।

**विषय : अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा मिति........................मा प्रकाशित सूचना अनुसार यस कृषक समूह, सहकारी संस्था, निजी फार्म/प्रा.लि.ले ................................................ अनुदान कार्यक्रममा समावेश हुन इच्छुक भएकाले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छु/छौं ।

**तपशिल**

(१) कूल सदस्य संख्या ................
(२) फर्म/समूह/संस्थाबाट संकलित बस्तु बिक्रि गरिने फर्म/संस्थाको नाम र ठेगाना
(३) गत वर्षको बार्षिक साधारणसभाको प्रतिलिपी
(४) जम्मा संकलन केन्द्र संख्या
(५) रेकर्ड राख्ने गरे/नगरेको
(६) खाद्य बस्तुको गुणस्तर परीक्षण गरी रेकड राख्ने तथा जानकारी दिने गरेको नगरेको
(७) सहकारी दर्ताको प्रमाण पत्र
(८) कुनै प्रकारको कार्बाहीमा नपरेको वारेमा स्वःघोषणा
(९) पान नं. को  प्रतिलिपी
(१०) कर चुक्ता प्रमाण पत्र ।